# नेपालमा विपद्को अवस्था

विपद् जोखिम
न्यूनीकरण
सन्दर्भ सामाग्री


Photo: ECO Nepal

## ३०<sup></sup>औं पानीजन्य विपद्को जोखिम मुलुक

## ११औं भुकम्पीय जोखिम मुलुक

**३४६** व्यक्तिको झाडापखालाबाट मृत्यु

**६२,०१६** व्यक्ति प्रत्यक्ष प्रभावित

**१०००** बढी व्यक्तिको हरेक वर्ष विपद्मा परी मृत्यु

**१,२०,८०,००,०००** रूपैयाँ बराबरको आर्थिक क्षति

- नेपाल विश्वका १९८ मुलुकमध्ये भूकम्पीय र पानीजन्य विपद्को जोखिमका दृष्टिले क्रमश: ११औं र ३०औं स्थानमा रहेको छ (UN/BCPR, 2004) ।
- भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, खडेरी, भोकमरी एवं जलवायु परिवर्तनका कारण उत्पन्न हुने जल/मौसमजन्य विपद्का घटनाहरूबाट नेपाल अत्यन्तै सङ्कटासन्न अवस्थामा रहेको छ ।
- नेपालमा हिमताल विष्फोटनको बाढी (GLOF), हिमपहिरो, औद्योगिक तथा यातायात दुर्घटना, वातावरणीय र विषालु पदार्थ वा विषादीसँग सम्बन्धित घटनाबाट पनि विपद् जोखिमलाई बढावा दिइरहेको छ ।
- अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय अनुसन्धान तथा विकास केन्द्रले गरेको अध्ययन अनुसार नेपालमा रहेका २,३२३ हिमतालमध्ये २२ वटा विष्फोट हुने खतरामा रहेका छन् ।

> “विपद्को भयावह अवस्थामा रहेका हामी नेपालीले जोखिममुक्त नेपालको विकास गर्दै सुरक्षित रूपमा बाँच्न पाउने अधिकारको सुनिश्चितता तर्फ अग्रसर हुनु जरूरी छ ।


Photo: Co Action Nepal


Photo: ISET-N

- पछिल्लो समयमा झाडापखालाजस्तो रोगले महामारीको रूप नै लिएको छ । नेपाल सरकार इपिडिमियोलोजी रोग नियन्त्रण महाशाखाको तथ्याङ्कअनुसार झाडापखालाबाट सुदूर र मध्य पश्चिमका २० जिल्लामा २०६६ भदौ १५ सम्ममा ३४६ को मृत्यु भएको थियो भने ६२,०१६ व्यक्ति प्रत्यक्ष प्रभावित भएका थिए ।
- यसैगरी बर्डफ्लु र स्वाइनफ्लुजस्ता नयाँ प्रकृतिका विश्वव्यापी महामारी पनि समुदायस्तरमा समेत देखिन थालेका छन् ।
- नेपाल सरकार गृह मन्त्रालयको तथ्याङ्क अनुसार हरेक वर्ष विपद्मा परी नेपालमा १००० बढी मानिसको मृत्यु हुने गरेको छ । डिस्इन्भेन्टारको तथ्याङ्कअनुसार नेपालले हरेक दिन सालाखाला एउटा विपद्जन्य घटनाको सामना गर्नु परिरहेको छ भने प्रतिदिन दुईभन्दा बढी व्यक्तिको मृत्यु भइरहेको छ ।
- सन् १९७१ देखि २००७ सम्म ३७ वर्षको अवधिमा विपद्का घटनाबाट वार्षिक करिब १,३३,००० मानिस प्रभावित हुने गरेको र वार्षिक ९,३५० घर क्षतिग्रस्त हुने गरेको गृह मन्त्रालयको तथ्याङ्क छ ।
- नेपाल सरकार गृह मन्त्रालयको तथ्याङ्कअनुसार मुलुकले विपद्का कारण वार्षिक औसत १ अर्ब २० करोड ८० लाख रूपैयाँ बराबरको आर्थिक क्षति व्यहोरिरहेको छ ।
- जर्मनवाच नामक संस्थाले सन् २००६ मा सार्वजनिक गरेको एक प्रतिवेदन अनुसार जलवायु परिवर्तनबाट उत्पन्न जोखिमका दृष्टिले नेपाल विश्वमै छैटौं स्थानमा रहेको छ ।
- नेपालको औषत तापक्रम वृद्धिदर विश्वको औसत तापक्रम वृद्धिदर भन्दा बढी रहेको छ । तापक्रम वृद्धिको गति यही अनुपातमा रहने हो भने नेपालका करिब तीनहजार हिमनदीमध्ये तीनचौथाइ हिमनदी आगामी सन् २०३० सम्ममा सुक्नसक्ने अनुमान विज्ञहरूले गरेका छन् ।
- नेपालको सम्पूर्ण भूभाग सक्रिय भूकम्पीय क्षेत्रभित्र पर्छ । करिब १०० वर्षको अवधिमा नेपालमा ठूलो भूकम्प जाने गरेको अध्ययनले देखाएको छ । त्यत्तिमात्र होइन, विज्ञहरूका अनुसार भूकम्पबाट हुने मानवीय क्षतिका दृष्टिले काठमाडौं उपत्यका विश्वका सहरहरूमध्ये पहिलो जोखिमपूर्ण सहर रहेको छ ।
- नेपाल सरकार गृह मन्त्रालय र जाइकाले सन् २००२ मा गरेको संयुक्त अध्ययनप्रतिवेदनले नेपालमा १९९० सालको माघ महिनामा गएको ८.४ रिक्टरस्केल क्षमता बराबरको भूकम्प गएमा काठमाडौं उपत्यकामा मात्र ४०,००० मानिसको मृत्यु हुने ९५,००० मानिस घाइते हुने र ६० प्रतिशतभन्दा बढी घरहरू ध्वस्त हुने सम्भावना रहेको छ ।
- पछिल्लो समयमा विपद्को आवृत्ति र क्षतिको यो क्रम र मात्रामा निरन्तर वृद्धि हुँदै गइरहेको छ ।

> “नेपालको सम्पूर्ण भूभाग सक्रिय भूकम्पीय क्षेत्रभित्र पर्छ । भूकम्पबाट हुने मानवीय क्षतिका दृष्टिले काठमाडौँ उपत्यका विश्वका सहरहरुमध्ये पहिलो जोखिमपूर्ण सहर रहेको छ ।